# तीनपाटन गाउँपालिका

# स्थानीय राजपत्र


## तीनपाटन गाउँपालिकाको पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि,२०८१

**भाग -२**


**खण्ड ८, अङ्क २, संख्या २**

**गाउँ कार्यपालिकाबाट स्वीकृतः मिति २०८१।५।२३**

**प्रमाणीकरण मितिः २०८१।६।१३**


**तीनपाटन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, लाम्पनटार**

**सिन्धुली, जिल्ला**

**बागमती प्रदेश, नेपाल**

**प्रस्तावनाः** मातृ तथा बाल मृत्युदर घटाउनुका साथै बालबालिकाको उच्चतम मानसिक विकास गरी देशको मानवीय पूँजी वृद्धि गरेर समग्रमा मुलुकको द्रुत आर्थिक विकासका लागि पोषणको अवस्थामा सुधार गर्न अपरिहार्य भएकाले पोषणको क्षेत्रमा थप लगानी गर्न जरुरी भएको र कुपोषण सम्बन्धी विभिन्न समस्या समाधान गर्न बहुक्षेत्रीय अवधारणा लागु गर्नुपर्ने विश्वव्यापी मान्यतालाई स्वीकार गरी मातृ तथा बाल्यकालीन पोषणको अवस्थामा सुधार ल्याउने मुख्य उद्देश्यले नेपाल सरकारबाट २०६९ जेठ ३२ मा स्वीकृत बहुक्षेत्रीय पोषण योजना पहिलो र दोस्रो क्रमिक रुपमा कार्यान्वयन गरिदै आएकोमा नेपालको संविधान जारी भई सङ्घ, प्रदेश तथा स्थानीय तह गरी तीन तहको राज्यको संरचना रहने अवस्था

भएकाले तीनपाट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तीनपाटन गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "तीनपाटन गाउँपालिकाको पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि २०८१" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि तीनपाट गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ।

**२. परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले तीनपाट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६ सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले तीनपाटन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) "जिल्ला स्तरीय सिफारिस समिति" भन्नाले जिल्ला स्तरीय पोषण तथा खाद्य सुरक्षा अनुगमन तथा सिफारिस समितिलाई सम्झनु पर्दछ।

(घ) "पालिका" भन्नाले तीनपाटन गाउँपालिका सम्झनु पर्दछ ।

(ङ) "पालिका स्तरीय समिति" भन्नाले पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति सम्झनु पर्दछ।

(च) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्दछ र सो शब्दले बागमती प्रदेश सरकार र सो अन्तर्गतका मन्त्रालय तथा कार्यालय समेतलाई बुझाउँदछ।

(छ) "वडा स्तरीय समिति" भन्नाले वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण तथा कार्यान्वयन समिति सम्झनु पर्दछ।

(ज) "सङ्घ" भन्नाले नेपाल सरकार सम्झनु पर्दछ ।

(झ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

**३. पृष्ठभूमिः** नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका विभिन्न समझदारी तथा प्रतिवद्धताहरु कार्यान्वयन गर्ने सन्दर्भमा बालबालिका, गर्भवती महिला तथा किशोरीहरुको पोषणको अवस्था सुधारको लागि गरेका सबै

प्रतिबद्धताका साथै दिगो विकास लक्ष्य र विश्व स्वास्थ्य सङ्गठनले तोकेका स्वास्थ्य तथा पोषण सम्बन्धी लक्ष्य तथा सूचकहरु पुरा गर्न राज्य र राज्यका सबै निकाय र तहको दायित्व तथा जिम्मेवारी रहेको छ। अन्तर्राष्ट्रिय रुपमा नै कुपोषणको समस्या निराकरण गर्ने कार्यलाई सामाजिक आर्थिक तथा मानवीय विकासका साथै दिगो विकास लक्ष्य प्राप्त गर्ने आधारको रुपमा लिइएको छ। कुपोषणबाट सृजना हुने समस्याहरु गम्भीर, दूरगामी तथा अपूरणीय किसिमको हुने कुरा विभिन्न अध्ययनले प्रष्ट पारेको छ। हामी सबैको प्रयासबाट मात्रै महिला, बालबालिका र किशोरीहरुमा हुने कुपोषणलाई उल्लेख्य रुपमा घटाउन सम्भव छ भन्ने कुरालाई मनन गर्दै यस तीनपाटन गाउँपालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनका विभिन्न अभियान र कार्यक्रम सञ्चालन गरिरहेको छ। पोषणको क्षेत्रमा भएका उपलब्धिहरुलाई दिगो बनाई थप प्रगति हासिल गर्न पर्याप्त साधनको व्यवस्था सहित सम्बद्ध सबै तह, विषयगत शाखा र विभिन्न क्षेत्रहरुबाट थप प्रतिवद्धता सहित सहयोग, सहजीकरण र समन्वय आवश्यक छ। दिगो विकास लक्ष्य नेपाल सरकारका राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धताको पूर्णतामा योगदान दिन स्वास्थ्य र पोषण सुधारको अभियानलाई व्यवस्थित र क्रमवद्ध रुपमा अगाडि बढाउने दीर्घकालीन सोच राख्दै मिति २०७९ चैत्र २८ गते समग्र पोषण स्थिति सुधारका लागि तीनपाटन गाउँपालिकाले १२ (बाह्र) बुँदे प्रतिवद्धता समेत जारी गरेको छ।

**४. पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि २०८१ का उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :**

क. बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन अन्तर्गत पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि गाउँपालिकाले छनौट गरेका वडाहरुले आफूलाई पोषणमैत्री वडा घोषणा गर्न आवश्यक प्रक्रिया र सूचनाका बारेमा जानकारी दिने।

ख. पोषणमैत्री स्थानीय शासन घोषणाको लागि गाउँपालिका, वडा र सरोकारवालाहरुले गर्ने अनुगमन, जिम्मेवारी तथा भूमिकाबारे जानकारी दिने।

ग. पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणाका लागि आवश्यक क्षेत्रगत तथा विषयगत सूचक न्यूनतम लक्ष्य विश्लेषण गर्ने तरिका निर्धारण गर्ने,

घ. पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणाका लागि आवश्यक प्रक्रिया, विधि, खुड्किला तथा चरणहरु बारे मार्गदर्शन गर्ने,

ङ. पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणाका लागि आवश्यक फारमहरु र दस्तावेजहरुबारे मार्गदर्शन गर्ने,

च. पोषणमैत्री स्थानीय शासन अवलम्बन अन्तर्गत पोषणमैत्री वडा तथा पालिका घोषणालाई सहज बनाउन आवश्यक सहजीकरण तथा सहयोग पुर्याउने।

**५. कार्यविधिको प्रयोग र प्रयोगकर्ताहरुः** यो पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि २०८१ लाई तीनपाटन गाउँपालिकाले पोषणमैत्री वडा तथा पालिका घोषणाका लागि प्रयोग गर्नेछ। यस कार्यविधिको अधिनमा रही तीनपाटन गाउँपालिकाले पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणाका अभियानहरु कार्यान्वयन गर्नेछ। पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि २०८१ मा मुख्य प्रयोगकर्ता तीनपाटन गाउँपालिका र सबै वडा कार्यालयहरु, विषयगत शाखाहरु, बहुक्षेत्रीय पोषण योजना अन्तर्गत सञ्चालित विभिन्न कार्यक्रमहरु, विकास साझेदारहरु र सम्बन्धित सरोकारवालाहरु हुनेछन्। सम्बन्धित सबै पक्षले सूचनाको माध्यमबाट पोषणमैत्री स्थानीय शासन अवलम्बन र वडा तथा पालिका घोषणाका प्रक्रिया प्रतिफल र नतिजाहरुको व्याख्या र विश्लेषण गर्न सक्नेछन्।

**६. पोषणमैत्री स्थानीय शासन भनेको के हो ?**

क) मानव पूँजीको विकासका साथै समग्र सामाजिक एवम् आर्थिक विकासमा कुपोषण अबरोधको रुपमा नरहने सुनिश्चित गर्नको लागि दीर्घ कुपोषणलाई उल्लेखनीय रुपमा न्यूनीकरण गर्ने तर्फ मुलुकलाई अग्रसर गराउने सोचका साथ विद्यमान सङ्घीय संरचना बमोजिम सङ्घ, प्रदेश र

स्थानीय तहहरुका नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति ।

ख. यस पद्धतिले स्थानीय तहलाई मातृ शिशु तथा बाल्यकालीन पोषणको स्थितिमा सुधार ल्याउन योजना तर्जुमा गर्न, बजेट विनियोजन गर्न, सभाबाट योजना तथा बजेट स्वीकृत गर्न, स्वीकृत योजना कार्यान्वयन गर्न, अनुगमन गर्न र सार्वजनिक सुनुवाई प्रचार-प्रसार गर्ने कुरामा जोड दिन्छ ।

ग. सामाजिक, आर्थिक तथा मानवीय विकासमा प्रतिकुल प्रभाव पार्ने कुपोषणलाई न्यूनिकरण गर्न बहुक्षेत्रीय पोषण योजनालाई विद्यमान सङ्घीय संरचना बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहहरुबाट प्राथमिकताका साथ कार्यान्वयन गराउनु पर्छ भन्ने सवाललाई कार्य प्रक्रिया र व्यवहारमा लागु गर्ने प्रक्रिया तथा पद्धति नै पोषणमैत्री स्थानीय शासन हो ।

## ७. पोषणमैत्री स्थानीय शासनको लक्ष्यः

पोषणमैत्री स्थानीय शासनको प्रवर्द्धन मार्फत पोषण विशेष,पोषण संवेदनशील र समर्थ बनाउने वातावरण सम्बन्धी कार्यक्रमहरुको विस्तार गरी पोषण सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गरी महिला, किशोरी तथा बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउन र पोषण सेवाको सुनिश्चितता र दिगोपना कायम गर्नु नै पोषणमैत्री स्थानीय शासनको लक्ष्य रहेको छ।

## ८.पोषणमैत्री स्थानीय शासनको उद्देश्य :

क) स्थानीय तहका सबै क्षेत्र र निकायहरुको नीति,संरचना ,प्रणाली र कार्य सञ्चालन प्रक्रियामा पोषणका सवालहरुको मूलप्रवाहीकरण गर्ने ।

ख) पोषण संबेदनशील सेवाहरुको पहुँच र उपभोग बढाइ स्वस्थ बानी व्यवहारमा सुधार ल्याउने।

ग) पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरु एकीकृत रुपमा कार्यान्वयन गरी महिला, बालबालिका तथा किशोरीहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउने।

घ) पोषणका सवालहरुलाई स्थानीय तहको शासन पद्धतिसँग आबद्ध गरी पोषणका सम्बन्धमा भएका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई व्यवहारमा उतार्ने ।

**९. पोषणमैत्री स्थानीय शासन किन** :

(१) नेपालमा मातृशिशु तथा बाल्यकालीन पोषणको स्थितिमा सुधार ल्याउन नेपाल सरकार, संयुक्त राष्ट्र सङ्घीय निकायहरु, विकास साझेदारहरु, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरुबाट २०६९ असोज ४ गते प्रतितबद्धता सहितको घोषणापत्रमा हस्ताक्षर गर्दै बहुक्षेत्रीय पोषण योजना पहिलो र दोस्रोको १० बर्षको सफल कार्यान्वयनको उपलब्धी र सिकाईका आधारमा आर्थिक वर्ष २०८०।०८१ देखि २०८७।०८८ सम्म तेस्रो ७ वर्षे योजनाको रुपमा कार्यान्वयन भइरहेको छ।

(२) नेपालले दिगो विकास लक्ष्य अनुरुप सन् २०३० सम्ममा कुपोषणलाई अन्त्य गर्न अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त गरेको छ।

(३) विश्व स्वास्थ्य सभाले निर्धारण गरेको लक्ष्य अनुसार नेपालले सन् २०२५ को अन्त्यमा कुपोषणको दर २४ प्रतिशत पुर्याउने।

(४) बहुक्षेत्रीय पोषण योजनाको सफल कार्यान्वयनको कर्तव्य र जिम्मेवारी स्थानीय तहको रहेको छ।

(५) नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिबद्धताहरुलाई पूर्णता दिने कार्यमा सम्वद्ध सबैको थप प्रयास आवश्यक छ।

(६) सामाजिक, आर्थिक तथा मानवीय विकासमा प्रतिकूल प्रभाव पार्ने कुपोषणलाई न्यूनीकरण गर्न बहुक्षेत्रीय पोषण योजनालाई बर्तमान सङ्घीय संरचना बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहहरुबाट प्राथमिकताका साथ कार्यान्वयन गराउनु पर्दछ।

(७) स्थानीय तहमा यस योजनाको सफल कार्यान्वयनले मानव संसाधन विकास प्रतिफल निर्धारण गर्ने हुनाले स्थानीय तहको नेतृत्वमा जोड दिइएको छ।

(८) पोषणका सवालहरुलाई स्थानीय तहले शासन पद्धतिसँग आबद्ध गरी पोषणका सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई व्यवहारमा उतार्न पोषणमैत्री स्थानीय शासनले सहयोग पुर्याउनेछ ।

**१०. पोषणमैत्री स्थानीय शासनको कार्यान्वय:**

(१) पोषणमैत्री स्थानीय शासन कार्यान्वयनसँग सम्बन्धित क्रियाकलापहरु अनुसूची-१ बमोजिम हुनेछन।

(२) पोषणमैत्री स्थानीय शासन अन्तर्गत पोषणमैत्री वडा तथा पालिका घोषणाको लागि तयार गरिएको क्षेत्रगत सूचकहरु र न्यूनतम लक्ष्य अनुसूची- २ बमोजिम हुनेछन्।

(३) पोषणमैत्री स्वास्थ्य संस्थाका सूचकहरु अनुसूची-३ बमोजिम हुनेछन्।

(४) पोषणमैत्री स्थानीय शासनका सूचक विश्लेषण अनुसूची-४ बमोजिम हुनेछ ।

(५) पोषणमैत्री स्थानीय शासनका सूचक प्राप्तिको अवस्था विवरण फारम अनसूची-५ बमोजिम हुनेछ ।

(६) पोषणमैत्री स्थानीय शासन दिगोपनाका लागि आचारसंहिता अनुसूची-६ बमोजिम हुनेछ ।

(७) पोषणमैत्री स्थानीय शासन कार्यान्वयन अनुगमन फारम अनुसूची -७ बमोजिमको ढाँचामा हुनेछ ।

(८) तीनपाटन गाउँपालिकाको पोषण सुधारको सामूहिक प्रतिवद्धता अनुसूची-८ मा राखिएको छ ।

(९) पोषण सम्बन्धी तीनपाटन प्रतिवद्धता २०८१ अनुसूची-९ मा राखिएको छ ।

**११. पोषणमैत्री स्थानीय शासन वडा घोषणाको प्रक्रिया :**

(१) पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक, कार्यपालिकाको निर्णय हुँदै गाउँ सभाबाट पोषणमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय ।

(२) पोषण सुधारको लागि सामुहिक प्रतिबद्धता र तहगत समितिका निर्णयहरु।

(३) पोषण संवेदनशील र पोषण लक्षित योजना बनाई यसको कार्यान्वयन।

(४) बहुक्षेत्रीय पोषण योजना र पोषणमैत्री स्थानीय शासन अवधारणा सम्बन्धी विभिन्न तहमा सम्बन्धित सरोकारवाला र लक्षित वर्गलाई अभिमुखीकरण।

(५) क्षेत्रगत सूचकहरु निर्धारण गर्ने र सो बारे पालिका तथा वडा तहमा छलफल।

(६) पोषणमैत्री स्थानीय शासन वडा र पालिका घोषणा कार्यान्वयनका लागि चरणगत तथा तहगत खुड्किलाहरु तय गरी पुरा गर्न ।

(७) वडास्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण तथा कार्यान्वयन समितिबाट निर्णय भई घोषणाका लागि कार्यपालिकामा पेश गर्ने।

(८) गाउँपालिका र वडा स्तरीय पोषण प्रोफाईल तयार गर्ने ।

(९) पोषणमैत्री स्थानीय शासन वडा र पालिका घोषणा कार्यान्वयनका लागि आधार सर्वेक्षण गरेको आधारमा यसका लागि न्यूनतम लक्ष्य तय गर्ने।

(१०) सो सूचकहरु सम्बन्धित विषयगत शाखाबाट प्रमाणीकरण गर्ने।

(११) गाउँपालिका र वडाले पोषण सुधारको लागि रणनीतिक योजना बनाई कार्यान्वयन गर्ने ।

(१२) पोषण सुधारका लागि वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजिकरण तथा कार्यान्वयन समिति र गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति अन्तर्गत घोषणा उपसमिति गठन र सोको अभिमुखीकरण गर्ने।

(१३) पोषण सुधारको अवस्थाबारे सरोकारवालाबाट अभियान कार्यान्वयनको अवस्थाबारे अनुगमन भएको र प्रमाणीकरण भएको सूचकहरुको आधारमा प्रतिवेदन तयार भई सो अनुसारका बिषयहरु पुरा गर्ने।

(१४) पोषणमैत्री स्थानीय शासन वडा र पालिका घोषणाका लागि आवश्यक कार्य पुरा भए नभएको स्थलगत अनुगमन गरी सहमति प्रदान गरीदिन सम्बन्धित माथिल्लो निकाय (जिल्ला समन्वय समिति तथा सम्बन्धित प्रदेश तथा सङ्घीय मन्त्रालय) लाई प्रतिवेदन सहित अनुरोध गर्ने।

(१५) सम्बन्धित माथिल्लो निकाय (सङ्घ र प्रदेश तथा सम्बन्धित मन्त्रालय) बाट स्थलगत अनुगमन गरी आवश्यक सुझाब दिने।

(१६) सामाजिक जवाफदेहिता बमोजिम सम्पन्न कार्यहरुको सामाजिक लेखापरीक्षण गरेको र गुनासो सुनुवाई समिति गठन गर्ने।

(१७) वडा तथा पालिकामा पोषण डेस्क, पोषण कर्नर र स्तनपान कक्षको व्यवस्था गर्ने।

(१८) सम्बन्धित माथिल्लो निकाय (सङ्घ र प्रदेश तथा सम्बन्धित मन्त्रालय र जिल्ला समन्वय समिति) बाट स्थलगत अनुगमनका आधारमा दिइएको सुझाबको कार्यान्वयन गर्ने।

(१९) सम्बन्धित माथिल्लो निकायले दिएको सुझाबको कार्यान्वयन पश्चात अन्तिम प्रतिबेदन तयार गर्ने।

(२०) निश्चित कार्ययोजना सहित पालिका तथा वडा सभाबाट पोषणमैत्री स्थानीय शासन वडा घोषणा गर्ने निर्णय गर्ने ।

(२१) घोषणा उन्मुख पालिकाले पोषणको स्थितिपत्र र पोषण आचारसंहिता प्रकाशन गरी कार्यान्वयन गरेको हुनु पर्ने।

(२२) पोषणमैत्री स्थानीय शासन घोषणाको लागि सुरु देखि अन्तिम सम्म भए गरेका कार्यहरुको रेकर्ड गरी दस्ताबेजीकरण गर्ने ।

(२३) पोषणमैत्री स्थानीय शासन घोषणाका लागि सर्वप्रथम कुनै एउटा वडाबाट सुरु गर्ने र क्रमशः सबै वडाहरु घोषणा गर्दै पालिकालाई नै घोषणा गर्ने ।

**१२. पोषणमैत्री स्थानीय शासन घोषणाका चरण र खुड्किलाहरु** :

**पहिलो**ः बहुक्षेत्रीय पोषण योजनाले निर्देशन गरेका कुराहरु ,गाउँपालिकाको स्वास्थ्य तथा पोषण सुधारका सम्बन्धमा बनेका नीतिहरु तथा पोषणमैत्री स्थानीय शासनको अवधारणा बारेमा पालिका तथा वडा स्तरमा अभिमुखीकरण।

**दोस्रो**ः पालिका तथा वडा स्तरमा गठित पोषण तथा खाद्य सुरक्षा सहजीकरण तथा कार्यान्वयन समिति र निर्देशक समितिको बैठकबाट पोषणमैत्री अभियान सञ्चालन सम्बन्धमा भएका निर्णय।

**तेस्रो**: सूचकहरुको अवस्था सम्बन्धमा आधारभूत सर्वेक्षण र फाइलिङ्गका आधारमा कार्ययोजना निर्माण।

**चौथो**: वडा तथा टोल स्तरमा अभियान सञ्चालन तथा व्यवस्थापन समिति गठन र परिचालन।

**पाँचौं**: सूचकहरुको पूर्णताका लागि समुदाय तथा घरधुरी स्तरमा पोषण संवेदनशील तथा पोषण विशेष क्रियाकलापहरुको व्यापक सञ्चालन।

**छैठौं**: वडा तथा पालिकाका विषयगत शाखाबाट अभियानको नियमित फलोअप तथा अनुगमन।

**सातौं**: अनुगमनमा सुधार गर्नु पर्ने विषय तथा क्षेत्रहरु देखिएमा थप अभियान सञ्चालन।

**आठौं**: अन्तिम अनुगमन गरी सूचकको पूर्णता भएको सम्बन्धमा स्थितिपत्र प्रकाशन गर्ने र सार्वजनिकीकरण।

**नवौं**: गाउँपालिका, जिल्ला समन्वय समिति, प्रदेश तथा सङ्घ स्तरबाट अनगुमन गरी प्रमाणीकरण।

**दशौं** : वडा स्तरमा वडा घोषणा सभा तथा सम्पूर्ण वडा घोषणा पश्चात पालिका घोषणा सभा आयोजना।

**एघारौं**: पोषणमैत्री गाउँ, वडा र पालिका घोषणा तथा यसको निरन्तरता एवम् दिगोपना।

**१३. पोषणमैत्री स्थानीय शासन घोषणाका आवश्यक दस्तावेजहरु :**

(१) पोषणको वस्तुगत विवरण तथा प्रतिबद्धता र कार्ययोजनाहरु

(२) अभियान सञ्चालनका लागि विभिन्न समयमा भएका निर्णयहरु

(३) सूचकहरुको अवस्था स्थितिपत्र

(४) सूचक प्राप्ति र उपलव्धी सहितको प्रतिवेदन

(५) विषयगत शाखाहरुले गरेको सूचक प्रमाणीकरण विवरण

(६) गाउँपालिका र जिल्ला समन्वय समितिको स्थलगत अनगुमनको प्रतिवेदन

(७) बहुक्षेत्रीय पोषण योजनाको वार्षिक योजना

(८) विभिन्न समयमा भएका/गरिएका प्रतिबद्धताहरु, कार्यविधि, बैठक निर्णय, नीतिहरु

(९) पोषणमैत्री स्थानीय शासन घोषणाका लागि गरिएका पत्राचारहरु, पम्फ्लेट, ब्रोसरहरु

(१०) पोषणमैत्री स्थानीय शासन पश्चात दिगोपना र निरन्तरताको लागि रणनीतिक योजना

**१४. पोषणमैत्री स्थानीय शासन घोषणाका लागि विभिन्न तहहरुको भुमिका र जिम्मेवारीहरु :**

**क) वडा समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारी :**

१. हरेक सूचकका आधारमा शुरुको अवस्था र अन्तिम अवस्थाको सूचना तुलनात्मक रुपमा तयार गर्ने,

२. विभिन्न समिति, उपसमिति र कार्यटोली बनाई कामको जिम्मेवारी बाँडफाँड गर्ने,

३. पोषण डेस्क, पोषण कर्नर र स्तनपान कक्ष स्थापना गर्ने ।

४. विभिन्न गतिविधिहरुका चित्र, फ्लेक्स, ब्रोसरहरु र सफलताका कथा तयार गर्ने ।

५. पोषण सम्बन्धी वाल पेण्टीङ र होर्डिङ्बोर्डहरु राख्ने।

६. पोषणमैत्री अभियानका बारेमा सबैलाई जानकारी गराउने, प्रचार-प्रसार गर्ने।

७. बहुक्षेत्रीय पोषण योजना अन्तर्गतका क्रियाकलापहरु कार्यान्वयन गराउने।

८. पोषणमैत्री स्थानीय शासन सम्बन्धी वडाको विषयवस्तुहरुलाइ समेटी प्रस्तुतीकरण तयार गर्ने ।

९. पोषण सुधारका आवश्यक अन्य सामग्रीहरुको प्रबन्ध मिलाउने।

**ख) पालिका स्तरीय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारीः**

१. नीतिगत पैरवीः पोषणमैत्री स्थानीय शासन पद्दतिलाई पालिकाको नीति, संरचना र कार्य प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

२. योजना तर्जुमाः योजना तर्जुमा, बजेट कार्यान्वयन, नक्साङ्कन निर्माण, वडा र बस्ती छनौट ।

३. समन्वय तथा सहजीकरणः सरकारी तथा गैर सरकारी संस्था सम्पर्क, समन्वय, परिचालन बैठक, समिति गठन ।

४. अनुगमन तथा मूल्याङ्कन : नियमित बैठक, संयूक्त अनुगमन, प्रगति समीक्षा, सूचना व्यवस्थापन, पृष्ठ पोषण, अनुगमन र मूल्याङ्कन ।

५. समीक्षा तथा विश्लेषणः स्थितिपत्र प्रकाशन, नियमित क्रियाकलापहरुको कार्यान्वयन, प्रगति समीक्षा, पालिका स्तरीय बैठक, कमजोर सूचक पुरा गर्न थप स्रोत परिचालन र वडालाई आवश्यक सहयोग र सहजीकरण।

६. क्षमता विकासः सवै विषयगत क्षेत्र र सरोकारवालाहरुको क्षमता विकास, परिचालान, सञ्जाल गठन र संस्थागत विकास ।

**ग) जिल्ला समन्वय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारीः**

१. हरेक सूचकका आधारमा शुरुको अवस्था र अन्तिम अवस्थाको सूचना तुलनात्मक रुपमा विश्लेषण गरी आवश्यक सुझाव दिने।

२. स्थलगत अनुगमन तथा मूल्याङ्कन गर्ने ।

३. आवश्यक सहजीकरण र सहयोग गर्ने ।

४. पालिका, प्रदेश र सङ्घ बीच समन्वयको भूमिका निर्वाह गर्ने।

५. पोषणमैत्री स्थानीय शासन घोषणाका लागि सिफारिस गर्ने ।

६. पोषणका क्षेत्रमा कामगर्ने सङ्घ संस्थाहरुको परिचालनका लागि समन्वय गर्ने ।

७. पोषणमैत्री स्थानीय शासन घोषणाका लागि प्राविधिक सहयोग उपलब्ध गराउने।

८. जिल्ला स्तरीय बैठकको आयोजना गर्ने र जिल्लास्थित कार्यालयहरुको परिचालनका लागि समन्वय गर्ने।

**घ) प्रदेश तथा सङ्घको भूमिका तथा जिम्मेवारीः**

१. पोषणमैत्री स्थानीय शासनको अवधारणा, रणनीति, निर्देशिकाहरु तयार गर्ने।

२. बहुक्षेत्रीय पोषण योजना अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयनका लागि क्षेत्रगत बजेट विनियोजन गर्ने।

३. विभिन्न क्षमता विकासका कार्यहरु गर्ने ।

४. सङ्घ तथा प्रदेश स्तरीय समितिहरुको गठन, पुर्नगठन र नियमित बैठक र परिचालन ।

५. विभिन्न दातृ निकाय, विषयगत मन्त्रालय,नागरिक समाज, पत्रकार, सांसद आदि निकायहरुसँग समन्वय गर्ने र स्रोतको सुनिश्चितता गर्ने ।

६. पोषणमैत्री स्थानीय शासन घोषणाका लागि सिफारिस गर्ने।

७. अनगुमन तथा मूल्याङ्कन गर्ने ।

८. अन्य आवश्यक सहजीकरण र सहयोग उपलव्ध गराउने ।

**१५. स्पष्टीकरण तथा बचाउः**

(१) यो कार्यविधि, यसका प्रावधानहरु र बुँदाहरु सङ्घ र प्रदेश अन्तर्गतको कार्यविधिसँग बाझिने छैनन् ।

(२) यो कार्यविधि सङ्घीय र प्रदेश कानूनसँग बाझिएमा बाझिएका प्रावधानहरु स्वतः खारेज भएको मानिनेछ ।

(३) यो कार्य विधि लागु हुनु भन्दा पहिले भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**१६. पुरस्कार तथा सम्मानः**

(१) घोषणा कार्यमा सहयोग, सहजीकरण गर्ने विभिन्न व्यक्ति, कार्यालय, निकाय र सङ्घ संस्थाहरुलाई सम्मान गर्न सकिनेछ ।

(२) यस कार्यविधि अनुसार वडा घोषणामा पहिलो घोषणा गर्ने वडालाई पुरस्कार प्रदान गरिनेछ। त्यसैगरी दोस्रो, तेस्रो, चौथो हुने वडाहरुलाई क्रमशः मूल्याङ्कनका आधारमा पुरस्कार प्रदान गरिनेछ ।

# अनुसूची १

(दफा (१०) को उपदफा (१) सँग सम्बन्धित)

| कार्य | क्रियाकलाप |
|---|---|
| सचेतना र पैरवी | सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाहरुलाई पोषणमैत्री स्थानीय शासनका सम्बन्धमा अभिमुखीकरण गर्ने |
| | स्थानीय तहको पोषण प्रोफाइल अनुसार पोषण नीति तर्जुमा गर्न पैरवी गर्ने |
| | आवधिक तथा वार्षिक योजनामा पोषणका क्रियाकलाप समावेश गर्न छलफल तथा पैरवी गर्ने |
| | स्थानीय तहमा विभिन्न विधामा ख्याती प्राप्त व्यक्ति वा समूहलाई पोषण अभियन्ता मार्फत सचेतना र पैरवी गर्ने |
| | स्थानीय खाद्य पदार्थमा पाइने पोषक तत्त्वहरुको सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने |
| | पोषणमैत्री आचरण र व्यवहार प्रबर्द्धन गर्न पैरवी गर्ने |
| मूलप्रवाहीकरण | पोषणमैत्री स्थानीय तह घोषणका लागि रणनीति अनुसारका क्रियाकलाप सञ्चालन गर्न सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाहरुबाट प्रतिवद्धता गर्ने |
| | पोषण सम्बन्धित विषयलाई वडा तथा स्थानीय तहको नीति योजना कार्यक्रममा समाहित गर्ने |
| | पोषणसँग सम्बन्धित क्रियाकलापहरु स्थानीय तहको सहभागितामूलक योजना तर्जुमाको विधिबाट छनौट गर्ने |
| | स्थानीय तहको क्षेत्रगत योजनामा पोषणसँग सम्बन्धित विषयलाई समावेश गर्ने |
| | क्षेत्रगत तालिमहरुमा पोषण विषय समावेश गर्ने |
| | पूर्वाधार विकासको नीति योजना तथा कार्यक्रम कार्यान्वयनमा पोषण संवेदनशील विषयलाई जोड दिने |
| | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन, विपद जोखिम न्यूनीकरण लगायतका अन्तरसम्बन्धित विषयहरुसँग सम्बन्धित नीति तथा योजना तर्जुमा गर्दा |

| | |
|---|---|
| | पोषणसँग सम्बन्धित क्रियाकलापहरु समावेश गर्ने |
| संस्थागत विकास | बहुक्षेत्रीय पोषण योजनामा व्यवस्था भए अनुसारका समितिहरु क्रियाशील गराउने |
| | गाउँपालिका र वडामा पोषणमैत्री स्थानीय शासनको प्रभावकारीताको लागि सम्पर्क व्यक्ति तोक्ने र जिम्मवारी दिने व्यवस्था मिलाउने |
| | पोषणमैत्री स्थानीय तह प्रर्बद्धनको लागि आवश्यकता अनसुार कार्यदल कार्यटोली र समदुायमा आधारित संस्थाहरुको गठन र परिचालन गर्ने |
| बहुक्षेत्रीय प्रयासको अवलम्वन | बहुक्षेत्रीय पोषण योजनाले पहिचान गरेको पोषणसँग सम्बन्धित क्षेत्रहरु कृषि, पशुविकास, खानेपानी तथा सरसफाई, महिला बालबालिका, शिक्षा, स्वास्थ्य तथा शासकीय प्रबन्धलाई समन्वयात्मक रुपमा परिचालन गर्ने |
| | पोषण विशेष, पोषण संवेदनशील कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गर्ने |
| | विषयगत क्षेत्रबाट हुने नियमित क्रियाकलापहरुलाई बहुक्षेत्रीय पोषण योजना तेस्रोले तोकेका लक्षित समूहमा सञ्चालन गर्ने प्राथमिकता दिने |
| | गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने पोषणसँग सम्बन्धित क्रियाकलापहरुलाई बहुक्षेत्रीय अवधारणा अनुसार सञ्चालन गर्ने |
| सूचना शिक्षा र संचार | पोषण प्रोफाइलको तयारी अध्यावधिक र सार्वजनिकीकरण गर्ने |
| | पोषण सम्बन्धी श्रव्य-दृश्य सामग्री उत्पादन र प्रसारण जानकारी पुस्तिका ब्रोसर, लिफलेट, पप्फ्लेट जस्ता छापा सामग्री प्रकाशन र वितरण गर्ने |
| | सञ्चार माध्यमसँग नियमित अन्तर्क्रिया र छलफल गर्ने |
| | विद्यालयभित्र र विद्यालय बाहिर रहेका किशोर किशोरीहरुको लागि जीवनउपयोगी सीप सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्ने |

| | |
|---|---|
| क्षमता विकास | निर्देशक समितिका सदस्य सभा तथा कार्यपालिका सदस्य तथा सरोकारवालाहरुलाई पोषणमैत्री स्थानीय शासनका रणनीतिमा आधारित भई क्षमता विकास गर्ने |
| | विषयगत क्षेत्रका कर्मचारीहरुलाई पोषणमैत्री स्थानीय शासन प्रभावकारी रुपमा सञ्चालनका लागि तालिम, गोष्ठी तथा अन्य क्षमता विकासका कार्य गर्ने |
| | विद्यालय, स्वास्थ्य तथा खानेपानी उपभोक्ता व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका शिक्षक शिक्षिका, आमा तथा महिला समूहका सदस्यहरु, टोल विकास संस्थाका पदाधिकारी, महिला स्वयंसेविकाहरु, अगुवा कृषक र सामाजिक अगुवाको क्षमता विकासको लागि कार्यक्रम सञ्चालन गर्ने |
| | बहुक्षेत्रीय पोषण सम्बन्धी विषयमा वहस पैरवी तथा असल अभ्यासहरुको अनुशरण र आदानप्रदान गर्ने |
| सामाजिक परिचालन | महिला तथा बालबालिकाको कुपोषणको सवाल र कारणहरुलाई दृष्टिगत गर्दै लक्षित क्रियाकलापहरु घरपरिवार र समुदायस्तरसम्म सञ्चालन गर्ने |
| | लैङ्गिक हिंसा, बालविवाह लगायत सामाजिक कुप्रथा एवम् अन्धविश्वास, कुरीति, कुसंस्कार विरुद्ध सामाजिक अभियान सञ्चालन गर्ने |
| | खुल्ला दिशामुक्त, पूर्ण सरसफाइयुक्त, पूर्णखोप, पूर्ण साक्षर, घरभित्रको धुवामुक्त, बालमैत्री, वातावरणमैत्री जस्ता विभिन्न अभियानमुलक कार्यक्रम सञ्चालन गर्ने |
| | लक्षित समूहमा उद्यमशीलता प्रबर्द्धन गरी आय स्तर वृद्धि गर्ने |
| | विद्यालय, स्वास्थ्य तथा खानेपानी उपभोक्ता व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका शिक्षक शिक्षिका, आमा तथा महिला समूहका सदस्यहरु, टोल विकास संस्थाका पदाधिकारी , महिला स्वयंसेविकाहरु, अगुवा कृषक र सामाजिक अगुवालाई पोषण प्रबर्द्धनमा परिचालन गर्ने |

| | |
|---|---|
| | पोषणसँग सम्बन्धित वर्तमान सकारात्मक व्यवहारको पहिचान र प्रोत्साहन गर्न अभियन्ता, आदर्श व्यक्ति समूह संस्थाहरुलाई परिचालन गर्ने |
| | महिला तथा बालबालिकाको कुपोषणको सवाल र कारणहरुलाई दृष्टिगत गर्दै लक्षित क्रियाकलापहरु घरपरिवार र समुदाय स्तरसम्म सञ्चालन गर्ने |
| लक्षित कार्यक्रम सञ्चालन | लक्षित समूहको पहिचान गरी उनीहरुको सहभागितामा पोषण लक्षित तथा पोषण संवेदशील कार्यक्रम सञ्चालन गर्ने |
| | बहुक्षेत्रीय पोषण सम्बद्ध सबै सरोकारवाला सरकारी तथा गरैसरकारी निकायहरुबीच समन्वय गरी एकीकृत कार्यक्रम सञ्चालन गर्ने |
| नीजि क्षेत्र तथा नागरिक समाजसँग सहकार्य | प्रतिस्पर्धी बजार मूल्यमा स्थानीय बजारमा खाद्य सामग्री नियमित उपलव्धता गराउने |
| | व्यवसायिक समाजिक उत्तरदायित्व अन्तर्गत पोषणसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्ने |
| | बजारमा उपलव्ध गराइने खाद्यान्नको गुणस्तर र स्वस्छता कायम गर्ने |
| | नागरिक समाजका प्रतिनिधिहरु समेतको सहभागितामा गरिने बजार अनुगमनमा सहयोग गर्ने |
| सुशासन | पोषणमैत्री स्थानीय तह प्रबर्द्धनका लागि गरिएका क्रियाकलाप र सो को प्रगति कार्यालयको सूचना पाटी, वेवसाइट तथा आवश्यकता अनुसार आमसञ्चार माध्यमबाट नियमित रुपमा सार्वजनिकीकरण गर्ने |
| | पोषणमैत्री स्थानीय तहका सूचक हासिलको लागि तोकिएका संरचना तथा क्षेत्रहरुलाई जवाफदेही बनाउन |
| | स्थानीय तहले पोषणमैत्री स्थानीय शासन प्रबर्द्धनका लागि तोकिएका संरचना तथा उद्देश्यहरुलाई जवाफदेही बनाउन |
| | स्थानीय तहले पोषणमैत्री स्थानीय शासन प्रर्वद्धनका लागि सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सनुवाई जस्ता क्रियाकलापहरु सञ्चालन गर्ने |

| | |
|---|---|
| नतिजामुखी अनुगमन | पोषणमैत्री स्थानीय शासनको लागि तोकिएको सूचकको आधारमा सञ्चालित कार्यक्रमहरुको अनुगमन गर्ने |
| | पोषण सम्बन्धी अनुगमनमा स्थानीय विकासका साझेदार तथा अन्तर्राष्ट्रिय विकास समुदायसँगको सहकार्य र साझेदारी गर्ने |
| | स्थानीय तहको आवधिक समीक्षामा पोषणको नतिजा समावेश गर्ने र विकास साझेदार निकायबाट सम्पादित कामको समेत प्रगति समीक्षा गर्ने |
| | अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने व्यक्ति, अभियन्ता, संस्था, विकास साझेदार अन्य सहयोगी निकाय र वडाहरुलाई पुरस्कृत गर्ने |
| मूल्याङ्कन र दीगोपनको सुनिश्चितता | पोषणमैत्री स्थानीय तहको लागि तोकिएका सूचकहरु हाँसिलको दीगोपनाको लागि कार्ययोजना तर्जुमा गर्ने |
| | प्रत्येक वर्षको वार्षिक समीक्षामा सूचकमा आधारित भई प्रगति विवरण सार्वजनिक गर्ने |
| | पोषणमैत्री स्थानीय तहका सूचकका उपलव्धीको प्रत्येक २ वर्षमा तेस्रो पक्षबाट मूल्याङ्कन गर्ने |

# अनुसूची २

(दफा (१०) को उपदफा (२) सँग सम्बन्धित)

पोषणमैत्री स्थानीय तहको क्षेत्रगत सूचकहरुको बर्तमान स्थिति

| क्र. सं. | सूचकहरू | इकाइ | विद्यमान अवस्था | पोषण उन्मुखका लागि न्यूनतम लक्ष्यहरू | घोषणको अवस्था | पुष्ट्याइका आधारहरू |
|---|---|---|---|---|---|---|
| | स्वास्थ्य क्षेत्र | | | | | |
| १ | पोषणमैत्री स्वास्थ्य संस्थाको प्रतिशत | प्रतिशत | | | १००% | एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (HMIS), स्थानीय तहको प्रतिवेदन |
| | पोषणमैत्री स्वास्थ्य सस्थाका सूचकहरू | | | | | |
| १ | गर्भवती महिलाले कम्तिमा ८ पटक पूर्व प्रसुति जाँच गरेको प्रतिशत | प्रतिशत | | | ≥९०% | |
| २ | गर्भवती महिलाले कम्तिमा ३ पटक उत्तर प्रसुति जाँच गरेको प्रतिशत | प्रतिशत | | | ≥९०% | |
| ३ | गर्भवती महिलाले गर्भवती अवधिभर १८० चक्कि आइरन फोलिक एसिड चक्कि खाएको प्रतिशत | प्रतिशत | | | ≥९०% | |
| ४ | स्वास्थ्य संस्थामा सुत्केरी गराएको महिलाहरूको प्रतिशत | प्रतिशत | | | ≥९०% | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | स्वास्थ्य संस्थामा जन्म भएका बालबालिका मध्ये जन्मिएको १ घण्टाभित्र स्तनपान शुरू गर्ने शिशुको प्रतिशत | प्रतिशत | | | ≥९०% | |
| ६ | ६ देखि ५९ महिनाका बालबालिकाले वर्षमा दुई पटक भिटामिन ए क्याप्सुल पाएको प्रतिशत | प्रतिशत | | | ≥९०% | |
| ७ | १२ देखि ५९ महिनाको बालबालिकाहरूले वर्षमा दुई पटक जुकाको औषधी पाएको प्रतिशत | प्रतिशत | | | ≥९०% | |
| ८ | २४ महिना सम्मका बालबालिकाले नियमित वृद्धि अनुगमन गरेको औसत पटक | संख्या | | | ≥९०% | |
| ९ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये जन्मे देखि ६ महिना सम्म पूर्ण स्तनपान गराएको प्रतिशत | प्रतिशत | | | ≥९०% | |
| १० | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये ६ महिना पश्चात स्तनपानका साथै समयमै थप खानाको सुरुवात गरेको प्रतिशत | प्रतिशत | | | ≥९०% | |
| ११ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये कम तौल भएका | प्रतिशत | | | ≥९०% | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बालबालिकाको प्रतिशत | | | | | |
| १२ | कम तौलका शिशुको जन्म प्रतिशत | प्रतिशत | | | ≥९०% | |
| १३ | पूर्ण खोपयुक्त स्वास्थ्य संस्था भएको | संख्या | | | भएको | |
| १४ | पूर्ण मात्रामा (१८० स्याचेट) बालभिटा पाएका बालबालिकाको प्रतिशत | प्रतिशत | | | ≥९०% | |
| १५ | बालबालिकालाई झाडापखाला लागेको बेला जिङ्क चक्कि र पुनर्जलीय झोल खुवाउने गरेको प्रतिशत | प्रतिशत | | | ≥९०% | |
| १६ | २६ हप्ता सम्म आईरन फोलिक एसिड चक्कि पाएका किशोरीको प्रतिशत | प्रतिशत | | | ≥९०% | |
| २ | शिक्षा क्षेत्र | | | | | |
| १७ | चार वर्ष उमेर पुगेका बालबालिका मध्ये प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका बालबालिकाको प्रतिशत | प्रतिशत | | | १००% | शिक्षा शाखाको प्रतिवेदन |
| १८ | प्रारम्भिक बालविकास केन्द्रमा भएका सहजकर्ताहरू मध्ये पोषण सम्बन्धी अभिमूखीकरण/ तालिम प्राप्त गरेका सहजकर्ताहरूको प्रतिशत | प्रतिशत | | | १००% | शिक्षा शाखाको प्रतिवेदन |
| १९ | आधारभुत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गर्ने बालबालिकाको | प्रतिशत | | | १००% | शिक्षा शाखाको प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | | | | | |
| २० | स्थानीय तहले बनाएको स्थानीय पाठ्यक्रममा पोषण तथा बाल अधिकार सम्बन्धी विषय समावेश | संख्या | | | गरेको | शिक्षा शाखाको प्रतिवेदन |
| २१ | विद्यालय दिवा खाजामा स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाद्यबस्तुहरूको प्रयोग गर्ने विद्यालयको प्रतिशत | प्रतिशत | | | ≥९०% | शिक्षा शाखाको प्रतिवेदन |
| २२ | विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक विद्यार्थी लगायत सरोकारवालको सहभागितामा पोषण दिवस/सप्ताह मनाउने विद्यालयको प्रतिशत | प्रतिशत | | | ≥९०% | शिक्षा शाखाको प्रतिवेदन |
| ३ | महिला तथा बालबालिका क्षेत्र | | | | | |
| २३ | न्यायिक समिति, प्रहरी, एकद्वार सङ्कट व्यबस्थापन केन्द्रमा दर्ता भएका लैङ्गिक हिंसाका घटना मध्ये फछ्र्यौट भएका घटनाको प्रतिशत | प्रतिशत | | | ≥८०% | प्रहरी र एकद्वार सङ्कट व्यबस्थापन केन्द्रको प्रतिवेदन, न्यायिक समितिको प्रतिवेदन |
| २४ | महिनावारी हुँदा स्वास्थ्य र सुरक्षाको दृष्टिकोणले जोखिमयुक्त स्थानमा राख्ने घरधुरीको प्रतिशत | प्रतिशत | | | ०% | स्थानीय तहको प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | २० वर्ष उमेर नपुग्दै बच्चा जन्माउने महिलाको संख्या | प्रतिशत | | | ०% | स्वास्थ्य संस्थाको प्रतिवेदन, वडा समितिको प्रतिवेदन |
| २६ | सुनौला हजार दिनका घरपरिवारका सासु /बुहारी वा श्रीमान /श्रीमती बीच पोषण सम्बन्धी अनुशिक्षण लिएका वडाको प्रतिशत | प्रतिशत | | | १००% | स्थानीय तहको वार्षिक प्रतिवेदन |
| २७ | वडामा गठन भएका युवा / बालसञ्जालका सदस्यलाइ पोषण सम्बन्धी अभिमुखीकरण गरिएका वडाको प्रतिशत | प्रतिशत | | | ≥९०% | स्थानीय तहको प्रतिवेदन |
| ४ | **खानेपानी तथा सरसफाई** | | | | | |
| २८ | आधारभूत खानेपानी सेवा उपलब्ध लिएका घरधुरीको प्रतिशत | प्रतिशत | | | १००% | NWASHS स्थानीय तहको बार्षिक प्रतिवेदन |
| २९ | आधारभूत सरसफाइ सेवा उपलब्ध भएका घरधुरीको प्रतिशत | प्रतिशत | | | १००% | NWASHS स्थानीय तहको वार्षिक प्रतिवेदन |
| ३० | शौचालय गएपछि, बालबालिकाको दिशा धोएपछि, खाना खानु अघि, बालबालिकालाई दुध खुवाउनु अघि, फोहोर चलाएपछि साबुनपानीले | प्रतिशत | | | १००% | स्थानीय तहको बार्षिक प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हात धुने परिपाटीको विकास भएको घरधुरीको प्रतिशत | | | | | |
| ३१ | आधारभुत खानेपानी सेवा उपलब्ध भएका सस्थाको प्रतिशत | प्रतिशत | | | १००% | NWASHS स्थानीय तहको बार्षिक प्रतिवेदन |
| ३२ | आधारभुत सरसफाइ सेवा उपलब्ध भएका संस्थाको प्रतिशत | प्रतिशत | | | १००% | NWASHS स्थानीय तहको बार्षिक प्रतिवेदन |
| ५ | **कृषि विकास क्षेत्र** | | | | | |
| ३३ | करेसाबारी भएका घरधुरी मध्ये सागसब्जी, तरकारी तथा फलफूल उत्पादन गरेका घरपरिवारको प्रतिशत | प्रतिशत | | | ≥८०% | नमुना घर परिवार सर्वेक्षण प्रतिवेदन र बजार अनुगमन प्रतिवेदन |
| ३४ | अन्न, सागसब्जी, गेडागुडी, फलफूल लगायतका खानाको नियमित उपयोग गर्ने घरधुरीको प्रतिशत | प्रतिशत | | | ≥८०% | नमुना घर परिवार सर्वेक्षण प्रतिवेदन |
| ३५ | स्थानीय स्तरमा पाईने रैथाने बाली प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन | संख्या | | | दिएको | कृषि विकास शाखाको प्रतिवेदन |
| ३६ | खाद्य स्वस्छता र गुणस्तर परीक्षणको (Food hygiene and quality) बजार अनुगमन लिएको पटक (वार्षिक) | पटक | | | ≥३ | अनुगमन प्रतिवेदन |
| ६ | पशुपन्छी विकास क्षेत्र | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७ | व्यवस्थित पशुपन्छी पालन गरी उपयोग गर्ने कृषक घरपरिवारको प्रतिशत | प्रतिशत | | | ≥८०% | पशु विकास शाखाको प्रतिवेदन |
| ३८ | दुधजन्य पदार्थहरू (दुध, दही, .घिउ, पनीर, चीज), अण्डा तथा मासु जन्य (माछा/मासु) नियमित उपयोग गर्ने घरपरिवारको प्रतिशत | प्रतिशत | | | ≥८०% | नमुना घर परिवार सर्वेक्षण प्रतिवेदन, पशु विकास शाखाको प्रतिवेदन |
| ३९ | पशुजन्य खाद्यबस्तु (प्रतिव्यक्ति वार्षिक दुध ९१ लि., मासु १४ के.जी, अण्डा १५० वटा) उपलब्धता भएको परिवारको प्रतिशत | प्रतिशत | | | ≥९०% | नमुना घर परिवार सर्वेक्षण प्रतिवेदन, पशु विकास शाखाको प्रतिवेदन |
| ७ | **शासकीय प्रवन्ध क्षेत्र** | | | | | |
| ४० | गाँउ /नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको सख्या | संख्या | | | ≥२ | बैठकको निर्णय पुस्तिका |
| ४१ | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण समितिको बैठकको संख्या | संख्या | | | ≥२ | बैठकको निर्णय पुस्तिका |
| ४२ | स्थानीय तहको आवधिक योजना तथा वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना अनुसारका कार्यक्रम समावेश | पटक | | | गरेको | बार्षिक बजेट तथा कार्यक्रम |
| ४३ | गाउँपालिकाले अनुदान तथा आन्तरिक आयबाट पोषण कार्यक्रमका लागि | पटक | | | गरेको | बार्षिक बजेट तथा कार्यक्रम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बजेट विनियोजन | | | | | |
| ४४ | पोषण सम्बन्धी कार्यक्रमको समन्वय र सहजीकरण गर्न बहुक्षेत्रीय पोषण योजनाले गरेको व्यवस्था बमोजिमको सचिवालयको क्रियाशीलता | संख्या | | | रहेको | स्थानीय तहको प्रतिवेदन |
| ४५ | स्थानीय तहको पोषण पार्श्वचित्र तयार गरी नियमित अध्यावधिक | पटक | | | गरेको | अध्यावधिक पार्श्वचित्र |
| ४६ | स्थानीय तहमा पोषण कर्नरको स्थापना | संख्या | | | भएको | पोषण कर्नर स्थापना भएको |
| ४७ | गाउँ कार्यपालिकामा छुट्टै स्तनपान कक्षको व्यवस्था | संख्या | | | भएको | पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको अनुगमन प्रतिवेदन |
| ४८ | स्थानीय विपद् व्यबस्थापन योजनामा विपद पूर्व र विपद पश्चात गर्ने पोषण केन्द्रीत पूर्व तयारीको योजना समावेस | संख्या | | | भएको | विपद् व्यबस्थापन योजना |
| ४९ | बाल पोषण भत्ता वितरणको समयमा बालपोषणको महत्व र उच्चतम सदुपयोग सम्बन्धी सूचना / अभिमुखीकरण पाउने अभिभावकको प्रतिशत | प्रतिशत | | | ≥९०% | अभिमुखीकण प्रतिवेदन |

## अनुसूची ३

(दफा (१०) को उपदफा (३) सँग सम्बन्धित)

स्वास्थ्य मन्त्रालयको पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९ को व्यवस्था बमोजिम पोषणमैत्री स्वास्थ्य संस्थाका सूचकहरु

| सि.नं | सूचक | अवस्था | अंक |
|---|---|---|---|
| १ | गर्भवती महिलाले कम्तिमा ८ पटक पूर्व प्रसुति जाँच गरेको प्रतिशत | ९० | १ |
| | | ८०–९० | ०.५ |
| | | ८० | ० |
| २ | गर्भवती महिलाले कम्तिमा ३ पटक उत्तर प्रसुति जाँच गरको प्रतिशत | ९० | १ |
| | | ८०–९० | ०.५ |
| | | ८० | ० |
| ३ | गर्भवती महिलाले गर्भवती अवधिभर १८० चक्कि आइरन फोलिक एसिड चक्कि खाएको प्रतिशत | ९० | १ |
| | | ८०–९० | ०.५ |
| | | ८० | ० |
| ४ | स्वास्थ्य संस्थामा सुत्केरी गराएको महिलाहरूको प्रतिशत | ९० | १ |
| | | ८०–९० | ०.५ |
| | | ८० | ० |
| ५ | स्वास्थ्य संस्थामा जन्म भएका बालबालिका मध्ये जन्मिएको १ घण्टा भित्र स्तनपान शुरू गर्ने शिशुको प्रतिशत | ९० | १ |
| | | ८०–९० | ०.५ |
| | | ८० | ० |
| ६ | ६ देखि ५९ महिनाका बालबालिकाले वर्षमा दुई पटक भिटामिन ए क्याप्सुल पाएको प्रतिशत | ९० | १ |
| | | ८०–९० | ०.५ |
| | | ८० | ० |
| ७ | १२ देखि ५९ महिनाको बालबालिकाहरूले वर्षमा दुई पटक जुकाको औषधी पाएको प्रतिशत | ९० | १ |
| | | ८०–९० | ०.५ |
| | | ८० | ० |
| ८ | २४ महिना सम्मका बालबालिकाले नियमित वृद्धि अनुगमन गरेको औसत पटक | १८ | १ |
| | | १५–१८ | ०.५ |
| | | १५ | ० |
| ९ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका | ९० | १ |

| | | | |
|---|---|---|---|
| | मध्ये जन्मे देखि ६ महिना सम्म पूर्ण स्तनपान गराएको प्रतिशत | ८०–९० | ०.५ |
| | | ८० | ० |
| १० | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये ६ महिना पश्चात स्तनपानका साथै समयमै थप खानाको सुरुवात गरेको प्रतिशत | ९० | १ |
| | | ८०–९० | ०.५ |
| | | ८० | ० |
| ११ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये कम तौल भएका बालबालिकाको प्रतिशत | ५ | १ |
| | | ५–१० | ०.५ |
| | | १० | ० |
| १२ | कम तौलका शिशुको जन्म प्रतिशत | ५ | १ |
| | | ५–१० | ०.५ |
| | | १० | ० |
| १३ | पूर्ण खोपयुक्त स्वास्थ्य संस्था भएको | भएको | १ |
| | | नभएको | ० |
| १४ | पूर्ण मात्रामा (१८० स्याचेट) बालभिटा पाएका बालबालिकाको प्रतिशत | ९० | १ |
| | | ८०–९० | ०.५ |
| | | ८० | ० |
| १५ | बालबालिकालाई झाडेपखाला लागेको बेला जिंक चक्कि र पुनर्जलीय झोल खुवाउने गरेको प्रतिशत | ९० | १ |
| | | ८०–९० | ०.५ |
| | | ८० | ० |
| १६ | २६ हप्ता सम्म आईरन फोलिक एसिड चक्कि पाएका किशोरीको प्रतिशत | ९० | १ |
| | | ८०–९० | ०.५ |
| | | ८० | ० |

नोटः- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा बाट वार्षिक लक्ष्य (Target) अनसुार पालिका तथा वडाको यथार्थ तथ्याङ्कसँग मेल नखाएमा घरधुरी सर्वेक्षण तथा तथ्याङ्कको डाटालाई पोषणमैत्री स्वास्थ्य संस्था तथा पोषणमैत्री वडा घोषणाको सूचकमा आधार मानिनेछ ।

## वर्गीकरण

| **जम्मा प्रासाङ्क** | **अवस्था** |
|---|---|
| १५ देखि १६ | पोषणमैत्री घोषणाका लागि योग्य |
| १३ देखि १४ | पोषणमैत्री उन्मुख स्वास्थ्य संस्था |
| १२ वा सोभन्दा कम | पोषणमैत्री उन्मुख नभएको |

# अनुसूची ४

(दफा (१०) को उपदफा (४) सँग सम्बन्धित)

## पोषणमैत्री स्थानीय शासनका सूचक विश्लेषण (निकाल्ने तरिका)

| क्र स | विवरण तथा क्षेत्रगत सुचकहरु | लक्षित संख्या | प्रगति | नतिजा प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| क | ख | ग | घ | ङ | च |
| १ | करेसाबारी स्थापना गरेको घरधुरी | जम्मा घरधुरी | करेसाबारी स्थापना गर्ने घरधुरी | घ लाई ग ले भाग गरी १०० ले गुणा गर्दा आउने संख्या | |
| | जस्तैः सूचना लिएको दिनसम्म जम्मा मानौ कुनै वडाको जम्मा घरधुरी ६१५ रहेछ, करेसाबारी स्थापना गर्ने ६०३ र नगर्ने घरधुरी १२ रहेछ भने | ६१५ | ६०३ | ९८% | ६०३/६१५ *१०० |
| यही तरिकाले अवस्था पत्ता लगाउन सकिन्छ। | | | | | |

# अनुसूची ५

(दफा (१०) को उपदफा (५) सँग सम्बन्धित)

पोषणमैत्री स्थानीय शासनका सूचक प्राप्तिको अवस्था विश्लेषण फारम

| क्र.स. | सूचकहरु | इकाइ | न्यूनतम लक्ष्यहरु | घोषणको अवस्था | पुस्ट्याइका आधारहरु |
|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध क्षेत्रका सूचकहरु | | | | |
| १.१ | | | | | |
| १.२ | | | | | |
| २ | शिक्षा क्षेत्रका सूचकहरु | | | | |
| २.१ | | | | | |
| २.२ | | | | | |
| ३ | खानेपानी तथा सरसफाइ क्षेत्र | | | | |
| ३.१ | | | | | |
| ३.२ | | | | | |
| ४ | कृषि विकास क्षेत्र | | | | |
| ४.१ | | | | | |
| ४.२ | | | | | |
| ५ | पशुपन्छी विकास क्षेत्र | | | | |
| ५.१ | | | | | |
| ५.२ | | | | | |
| ६ | महिला तथा बालबालिका क्षेत्र | | | | |
| ६.१ | | | | | |
| ६.२ | | | | | |
| ७ | स्वास्थ्य क्षेत्र | | | | |
| ७.१ | | | | | |
| ७.२ | | | | | |

# अनुसूची ६

(दफा (१०) को उपदफा (६) सँग सम्बन्धित) तीनपाटन गाउँकार्यपालिकाको कार्यालय, लाम्पनटार, सिन्धुली

**बहुक्षेत्रीय पोषण योजनाः** पोषणमैत्री आचारसंहिता

पोषणमैत्री स्थानीय शासन घोषणा अवलम्बन र निरन्तरताका लागि सरोकारवालाहरुको पोषणमैत्री आचारसंहिता

| गाउँपालिका, वडा कार्यालय र बिषयगत शाखाहरु | शैक्षिक संस्थाहरु | स्वास्थ्य संस्था | परिवार र समुदाय |
|---|---|---|---|
| १. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत प्रतिफल, लक्ष्य र नतिजा प्राप्तिका लागि नतिजामा आधारित क्रियाकलापहरु तय गरी कार्यान्वयन गर्ने। २. पोषणको क्षेत्रमा बार्षिकरुपमा बजेट सीमा बढाउदै लगानी गर्ने । ३. पोषण मैत्री स्थानीय शासन स्थानीय कार्यविधि र सङ्घीय निर्देशिका २०८० ले निर्धारण गरेका क्षेत्रगत सुचकहरु पुरा गर्ने। ४. गाउँपालिका, वडा र्यालयहरुमा र सार्वजनिक स्थानहरुमा स्तनपान कक्ष, पोषण | १. विद्यालयको अतिरिक्त क्रियाकलापहरुमा पोषणका विषय बस्तु समावेश गर्ने। २. विद्यालयमा पोषण कर्नर र हात धुने स्थानको प्रबन्ध गर्ने । ३. विद्यालयमा अध्ययनरत १० देखि १९ बर्षका सबै किशोरीहरुलाई आईरन चक्की बितरण गर्ने । ४. विद्यालयमा जंक फुड निषेधित गर्ने र घरमा तयार भएको खाजालाई | १. स्वास्थ्य आमा समुहमा नियमित रुपमा पोषणका बारेमा छलफल गर्ने र पोषण नाङ्लो प्रर्दशनी गर्ने। २. स्वास्थ्य संस्थामा पोषण कर्नर र हात धुने स्थानको प्रबन्ध गर्ने । ३. वार्षिक रुपमा बृहत पोषण लेखाजोखा शिविरको आयोजना गर्ने। ४. पहिचान भएका कुपोषित बालबालिकाहरुको खोजी गरी नियमित उपचार गर्ने । ५. स्वास्थ्य | १. परिवारमा भएका सुनौला हजार दिनका आमा, बालबालिका र किशोरीको उचित स्याहार गर्ने। २. बच्चा जन्मेको ३५ दिन भित्रमा जन्म दर्ता गराउने। ३. बाल नगद अनुदान बापत प्राप्त हुने पोषण भत्तालाई बालबालिकाको पोषणका लागि मात्र खर्च गर्ने । ४. बालबालिका, गर्भवति र सुत्केरी महिलालाई हरेक बार खाना चार अनुसार पोषणयुक्त खाना खुवाउने। ५. ४ बर्ष सम्मका |

| गाउँपालिका, वडा कार्यालय र बिषयगत शाखाहरु | शैक्षिक संस्थाहरु | स्वास्थ्य संस्था | परिवार र समुदाय |
|---|---|---|---|
| कर्नर र वास कर्नरको स्थापना गर्ने । ५. नीति निर्माण, योजना तर्जुमा र कार्यक्रम सञ्चालन गर्दा सुनौला हजार दिनका आमा र बालबालिकाहरुको सर्वोत्तम हितलाई ध्यानमा राख्ने । ६. स्थानीय स्तरको उत्पादनलाई प्रवर्द्धन गर्दै गाउँपालिका तथा वडा कार्यालयले सञ्चालन गर्ने तालिम, गोष्ठी र सभामा पत्रु खाना जकंफुड निषेधित गर्ने । ७. गाउँपालिका र वडा कार्यालयमा सेवा लिन आउने सुनौला हजार दिनका माहरुलाई प्राथमिकता दिई सेवा प्रदान गर्ने ८.बालबिबाहलाई सामाजिक पराधको रुपमा स्वीकार गरी सो अन्त्यका लागि पहल गर्ने। | प्राथमिकता दिने। ५. बालमैत्री व्यबहार गर्दै बालबालिकालाई मानसिक र शारीरिक दण्ड नदिई कक्षा सञ्चालन गर्ने । ६. विद्यालयमा नमुना करेसाबारीको निर्माण गरी प्रर्दशनी गर्ने । ७. दिवा खाजामा पोषण युक्त रैथाने बालीहरुको प्रयोगमा जोड दिने । ८. विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने । ९. स्थानीय स्तरमा उपलब्ध खाद्यान्नको प्रचार | संस्थामा स्तनपान कक्षको निर्माण गर्ने । ६. पोषण विशेष अन्तर्गतका सबै कार्यक्रमहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । ७. पूर्ण खोपको सुनिश्चिता, दिगोपाना निरन्तरताका साथै संस्थागत सुत्केरीलाई शत प्रतिशत पुर्याउने । ८. पोषण मैत्री स्थानीय शासन अन्तर्गतका स्वास्थ्य क्षेत्रका सबै सूचकहरु पुरा गर्नको लागि कार्य गर्ने । ९. पोषण सम्बन्धीका सबै तथ्यांक र सुचनाको व्यबस्थापन गर्ने। | बालबालिकाहरुलाई नजिकको बालविकास केन्द्रमा भर्ना गर्ने । ६. साबुन पानीले हात धोएर मात्र बालबालिकालाई खाना खुवाउने। ७.सबै बालबालिकाहरुलाई अनिवार्य विद्यालय भर्ना गर्ने । ८. २० बर्ष पुरा नभई बिहे नगराउने र नगर्ने । ९. महिनावारी भएको बेला घरमा नै बस्ने र पोषण युक्त खाना खाने । १०. घरमा करेसाबारी, जुठेल्नो र धुवा रहित भान्साको व्यवस्थापन गर्ने । ११. स्वच्छ पिउने पानीको लागि पानी शुद्धीकरण गरेर मात्र पानी पिउने। १२. पोषण सम्बन्धी |

| गाउँपालिका, वडा कार्यालय र बिषयगत शाखाहरु | शैक्षिक संस्थाहरु | स्वास्थ्य संस्था | परिवार र समुदाय |
|---|---|---|---|
| ९. पोषण सम्बन्धी विभिन्न अभियान, बहस र सञ्चार क्षेत्र परिचालन गर्ने। १०. बच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्तालाई अभियानको रुपमा सञ्चालन गर्ने। ११.महिलाहरुको कार्यबोझमा कमी, लैङ्गिक हिंसाको अन्त्य, हिलाहरुको सहभागितामा पोषण प्रबर्द्धन हुने खालका आयआर्जन सम्बन्धी गतिबिधि तथा अभियानहरु सञ्चालन गर्ने । १२. बाल नगद अनुदानलाई प्रभावकारी बनाउने र बालबालिकाको पोषणमा मात्र खर्च गर्ने सुनिश्चित गर्ने। १३. पोषणमैत्री स्थानीय शासनको सूचना केन्द्र स्थापना गरी दस्तावेजीकरण गर्ने। | प्रसार गर्ने र हरेक बार खाना चारका बारेमा सचेतना अभिबृद्धि गर्ने । १०. विद्यालयमा व्यवस्थित शौचालयको प्रबन्ध गरी किशोरीहरुलाई सेनेटरी प्याड निमार्ण, प्रयोग र व्यवस्थापनका लागि सहयोग गर्ने । | | नेपाल सरकारबाट प्रदान गरिने सबै प्रकारका सेवाहरुको उपयोग गर्ने। १३. जात जाती भाषा, धर्म तथा लिङ्गको आधारमा छुवाछुत र भेदभाव नगर्ने। १४. घर आँगन सफा सुग्गर र उचित फोहोर व्यवस्थापन गर्ने |

# अनुसूची ७

(दफा (१०) को उपदफा (७) सँग सम्बन्धित)

## पोषणमैत्री स्थानीय शासन कार्यान्वयन अनुगमन फारम

| क्र.सं. | सूचकहरु | इकाइ | न्यूनतम लक्ष्यहरु | घोषणको अवस्था | पुस्टयाइका आधारहरु |
|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध क्षेत्रका सूचकहरु | | | | |
| १.१ | | | | | |
| १.२ | | | | | |
| २ | शिक्षा क्षेत्रका सूचकहरु | | | | |
| २.१ | | | | | |
| २.२ | | | | | |
| ३ | खानेपानी तथा सरसफाइ क्षेत्र | | | | |
| ३.१ | | | | | |
| ३.२ | | | | | |
| ४ | कृषि विकास क्षेत्र | | | | |
| ४.१ | | | | | |
| ४.२ | | | | | |
| ५ | पशुपन्छी विकास क्षेत्र | | | | |
| ५.१ | | | | | |
| ५.२ | | | | | |
| ६ | महिला, बालबालिका क्षेत्र | | | | |
| ६.१ | | | | | |
| ६.२ | | | | | |
| ७ | स्वास्थ्य क्षेत्र | | | | |
| ७.१ | | | | | |
| ७.२ | | | | | |

**सम्पादित उल्लेखनीय कार्यहरुः**

- 
- 

**राम्रा तथा उदाहरणीय सफलताहरुः**

- 
- 
- 

**अनुगमनकर्ताको राय तथा मन्तव्यः**

- 
- 
- 

**अनुगमनकर्ताको विवरण**

| क्र.स. | नाम,थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची ८

## पोषण सुधारको सामुहिक प्रतिबद्धता

आज्ञमा
टंक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत